म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २३२ बुधबार २२ चैत २०७९ ने. सं. ११४३ चौलाथ्व 5April 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

गर्मी याममा,

☞ झाडापखाला, वान्ता, आउँ, जण्डिस, टाईफाइड लगायत रोगको जोखिम बढी हुन्छ ।

☞ लामखुट्टे, झिँगा, भुसुना आदिबाट रोग सर्न सक्दछ । त्यसैले व्यक्तिगत सरसफाई र जनस्वास्थ्यका मापदण्ड पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बागमतीमा भागबण्डा टुंग्याउने निर्णायक भनिएको बैठक निष्कर्षविहीन, आज फेरि बस्दै

साझाकुरा संवाददाता

हेटौंडा, २१ चैत/बागमती प्रदेशमा सत्तारूढ दलबीच मन्त्रालय भागबण्डाको टुंगो नलाग्दा मन्त्रिपरिषद् विस्तारको योजना अनिश्चित बनिरहेको छ ।

मुख्यत: नेपाली कांग्रेस र सरकारको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्रबीच भागबण्डा नमिल्दा विश्वासको मत पाएको ११ दिन बितिसक्दा पनि मुख्यमन्त्री शालिकराम जम्कट्टेलले मन्त्रिपरिषद् विस्तार गर्न सकिरहेका छैनन् । उनकै प्रस्तावमा गठित कांग्रेस बागमती प्रदेश संसदीय दलका उपनेता रामकृष्ण चित्रकारको संयोजकत्वमा रहेको ७ सदस्यीय कार्यदलले पनि भागबण्डा टुंग्याउन नसकेको हो । कार्यदलका करिब आधा दर्जन बैठकबाट पनि सहमति हुन नसकेपछि मुख्यमन्त्री जम्कट्टेल मंगलबार काठमाडौं पुगेका थिए ।



काठमाडौंमा मंगलबार साँझ जम्मकट्टेलसहित कांग्रेसबाट मुख्यमन्त्रीका दाबेदारसमेत रहेका दलका नेता बहादुर सिं लामासहितको उपस्थितिमा बसेको कार्यदल बैठक निष्कर्षविहीन बनेको थियो । कार्यदलका सदस्यहरूका अनुसार भागबण्डा टुंग्याउने निर्णायक बैठक भनिएपनि सहमित हुन नसकेको कार्यदलका एक सदस्यले साझाकुरालाई जानकारी दिए । उनका अनुसार मुख्यमन्त्री जम्कट्टेल र लामासहितको कार्यदल बैठक आज बुधवार बिहान काठमाडौंमा बस्दैछ ।

बागमतीमा मन्त्रिपरिषद् विस्तार हुन नसक्नुमा दुई कारण रहेको कार्यदलका सदस्यहरू बताउँछन् । एउटा कांग्रेसले ६ वटा मन्त्रालयको दाबी नछोड्नु र माओवादीले जिम्मेवारी सम्हालिरहेको ४ वटा मन्त्रालय नघटाउनु, अर्को कांग्रेसभित्रकै आन्तरिक शक्ति संघर्ष । कांग्रेसबाटै मन्त्रीका आकांक्षी धेरै देखिएपछि भागबण्डा अनिश्चित बन्दै गएको माओवादीका एक मन्त्री बताउँछन् । कांग्रेसबाट बहादुर सिं लामा र चित्रकारसहित एक महिला सांसद मन्त्री हुने लगभग टुंगिएको भन्दै बाँकी ३ वा २ मन्त्री हुने भन्नेमा कांग्रेस भित्रै विवाद देखिएको समाचार स्रोतको दाबी छ ।

माओवादीले तेस्रो वरियताको आर्थिक मामिला तथा योजना मन्त्रालयसहित ५ वटा मन्त्रालय लिन कांग्रेसलाई प्रस्ताव गरिसकेको छ । तर, कांग्रेसले गठबन्धनको ठूलो दल भएकाले सांसद संख्याको आधारमा ६ वटा मन्त्रालयको अडान छोडेको छैन । गठबन्धनकै नेकपा (एकीकृत समाजवादी)ले पनि ३ वटा मन्त्रालयमा दाबी गरेको छ । कांग्रेसलाई ६ वटा र एकीकृत समाजवादीलाई २ वटा मन्त्रालय दिँदा पनि माओवादीले ३ वटा मन्त्रालयमा भाग पुर्याउनुपर्ने हुन्छ ।

बागमतीमा मन्त्रालय संख्या ११ वटा छ । भागबण्डा पुर्याउनकै लागि मुख्यमन्त्री जम्कट्टेल मन्त्रालय संख्या बढाउनेमा पक्षमा छैनन् । कार्यदलबाट भागबण्डा नटुंगिए मुख्यमन्त्री जम्कट्टेलले गठबन्धनको शिर्ष तहबाटै टुंगो लगाउन पहल गर्नसक्ने जनाइएको छ ।

## शिक्षक बाहिरी दुनियाँमा रमाउने गरेको अभिभावकको आरोप

साझाकुरा संवाददाता

हेटौंडा, २१ चैत/हेटौंडा उपमहानगरपालिका-१९ नेवारपानी स्थित अरनिको माध्यमिक विद्यालयमा कार्यरत् शिक्षकहरु विद्यालयमा भन्दा पनि बाहिरी काममा नै रमाउने गरेको अभिभावकले आरोप लगाएका छन् ।

विद्यालयका अभिभावकले शिक्षकले ध्यान दिएर पठनपाठनमा सहभागी नभएकोलगायतका थुप्रै आरोप लगाउँदै विद्यालय सुधारका निम्ति चिन्ता व्यक्त गरेका छन् । महिला अभिभावकले विद्यालय सुधारका लागि सरोकारवाला निकायको ध्यानाकर्षण गराएका छन् । डब्लुपीडी नेपाल र इन्सेकले सञ्चालन गरेको अधिकार तथा आर्थिक विकास मार्फत् महिला सशक्तिकरण कार्यक्रमअन्तर्गत् हेटौंडा-१९ बस्तीपुरमा आयोजित अन्तर्क्रियामा बोल्दै महिला अभिभावकले विद्यालयको शैक्षिक अबस्था सुधार नआएको गुनासो गरे ।



स्थानीय अभिभावक सीता अधिकारीले विद्यालयका शिक्षकहरु कक्षा कोठामा अध्यापनकार्यमा सहभागी नभई विभिन्न काम भन्दै विद्यालय बाहिर बढी रमाउने गरेको आरोप लगाइन् । खानेपानी र शौचालयसमेत अव्यवस्थित रहेको भन्दै उनले पछिल्ला केही बर्षदेखि विद्यालयको अबस्थामा सुधार आउन नसकेको गुनासो गरेकी छन् । अर्की अभिभावक सिर्जना बिडारीले आफू एकदिन विद्यालय पुग्दा चौरभरि विद्यार्थीहरु दौडिरहेका र शिक्षकहरु अफिसमा लुडो खेलिरहेको समेत भेटेको बताइन् । 'मैले फोटो खिचौं भनेर पनि थर्काएँ तर खिचिनन्, उनले भनिन्- 'हामी ड्युटी गरेर रेष्टमा बसेका छौं, हाम्रो ड्युटी सकियो भनेर जबाफ फर्काए ।',

कार्यक्रमभर धेरैजसो अरनिको माध्यमिक विद्यालयकै चर्चा भयो । कतिपयले त शौचालयमा प्रयोग गरेका प्याड समेत विद्यार्थीले नै सफाई गर्नुपरेको गुनासो समेत सुनाए । अभिभावकहरुको प्रश्नमा जवाफ दिँदै विद्यालयका प्रधानाध्यापक बिष्णु परियारले बिस्तारैबिस्तारै शैक्षिक सुधार हुँदै गएको बताए । उठेका सबै बिषयहरु जायज रहेको भन्दै उनले सबै मिलेर सुधार गर्दै जानुपर्ने र पछिल्ला केही बर्षमा तुलनात्मक सुधार आइरहेको दाबी गरेका छन् । त्यसैगरी नेवारपानीस्थित सहरी स्वास्थ्य इकाईमा शौचालयको समस्या रहेको, हल व्यवस्थापन हुन नसकेको लगायतका समस्याहरु उठान भएका छन् ।

इकाइकी स्वास्थ्य निरीक्षक सुसन शर्माले स्वास्थ्यकेन्द्र सुधारका लागि वडाले बजेट नछुट्याएकोमा दुखेसो पोखेकी छन् । कार्यक्रम निर्मल माध्यमिक विद्यालयका प्रधानाध्यापक प्रवोध बिडारी, वडासदस्य राजकुमार बजु, वडा कार्यालयका दीपकप्रसाद रिजाललगायतले उठेका सबालको जबाफ दिएका थिए । इन्सेक नेपालका कार्यक्रम संयोजक कृष्णप्रसाद नेपाल, डब्लुपीडीका फिल्ड सुपरभाइजर तिलकुमारी हुमागाईलगायतको उपस्थितिमा कार्यक्रम आयोजना गरिएको थियो ।

## ट्राफिक नियम सम्बन्धी सचेतना

हेटौंडा, २१ चैत/ हेटौंडास्थित सार्वजनिक मकवानपुर यातायात प्रालिमा आवद्ध यातायातकर्मीलाई ट्राफिक नियम सम्बन्धी सचेतना प्रदान गरिएको छ । 'ट्राफिक नियमको पालना गरौं, दुर्घटनारहित सवारी चलाऔं' भन्ने मुख्य उद्देश्य राखी ट्राफिक नियमसम्बन्धी सचेतना एवम् दुर्घटना न्यूनीकरणसम्बन्धी प्रशिक्षण कार्यक्रम भएको हो ।

सार्वजनिक मकवानपुर यातायात प्रालि, हेटौंडा-१ चाइनाक्वाटरमा भएको कार्यक्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका वरिष्ठ प्रहरी नायब निरीक्षक सन्तोष पोखरेलले ७० जना चालक व्यवसायीलाई ट्राफिक नियम, सवारी दुर्घटना, दुर्घटना न्यूनीकरण गर्ने उपाय र दण्ड जरिवानाको विषयमा सचेतना प्रदान गरेका थिए । कार्यक्रमको सभाध्यक्ष गरेका सार्वजनिक मकवानपुर यातायात प्रालिका अध्यक्ष ज्ञानेन्द्रबहादुर कार्कीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारेका थिए ।

कार्यक्रमलाई कम्पनीका सञ्चालक एवम् नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका केन्द्रीय सदस्य रञ्जना बर्तौलाले स्वागत मन्तव्य व्यक्त गरेकी थिइन् । जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुर र सार्वजनिक मकवानपुर यातायात प्रालिको संयुक्त आयोजनामा भएको कार्यक्रम प्रालिका सञ्चालक लक्ष्मण न्यौपानेले सञ्चालन गरेका थिए । जल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले यातायात व्यवसायीको सहकार्यमा दुर्घटना न्युनीकरण अभियानअन्तर्गत् सचेतना कार्यक्रम गर्दै आइरहेको छ ।

*Education is the real treasure*

*We are hiring...*

Hetauda Academy, a leading academic institution in Hetauda, offers a multifaceted learning environment to foster holistic development of children. Hetauda Academy is a student centric, parent-friendly and socially responsible academic institution that treats its faculty and staff with respect and dignity and is looking for suitable candidates with proven competence to work with young students in its various departments for the following positions:

1. **Vice-Principal**
2. **Coordinators**
   *Secondary Level, Basic Level and Pre-primary Level*
3. **Secondary & Basic Level Faculty**
   *Computer Science, English, Mathematics, Science, Social Studies & Human Value Education, Nepali, 'Health, Physical & Creative Arts'*
4. **Secretary to CEO**
5. **School Counselor**
6. **ECA/CCA Instructor**
   *Art & Craft, Music (Vocal & Instrument), Dance, Yoga, Basket Ball, Table Tennis, Cricket, Football, Martial Arts, Swimming, Hand Writing, English Phonics, Nepali Phonics*
7. **Officers**
   *HR & General Administration, Operations & Procurement, IT Administration, Library Management, Examination, ECA/CCA,*
8. **Assistants:** *Admin & Finance, Computer Lab, Computer Operator, Front Desk*
9. **Discipline Staffs**
10. **Drivers, Security Guards, Cook, Helpers, Gardener**

**For further details, please visit www.hetaudaacademy.edu.np/vacancy**

*Strong command over written & spoken English and basic computing skills are mandatory for all above mentioned positions except 10. Smart candidates without work experience are also encouraged to apply.*

There is no bar in remuneration and other benefits for deserving candidate. Interested candidates should send CV at hr@hetaudaacademy.edu.np with 2 references and expected salary not later than 9 April 2023.

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

**खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !**

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० बैशाख १७ गतेबाट बिभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।


भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोट:- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ ।

सम्पर्क:-
**गोपाल थापा, हेटौंडा बसपार्क**
मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२

**घर जग्गा भाडामा**

हेटौंडा-४, कमलडाँडा नबोदय बोडिङ अगाडि सरकारी तथा प्राइभेट अफिस, होस्टल, मन्टेश्वरी स्कुल आदिको लागि उपयुक्त २ कठ्ठा जग्गामा कम्पाउन्ड सहित निर्माण भएको ३ तल्ला घर १० कोठा, २ किचन, ३ बाथरुमसहित जम्मा १२ कोठा भएको सुविधा सम्पन्न पार्किङसहित कम्पाउन्ड घेरिएको पुरै घर जग्गा भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।
(नोट: भुई तल्ला फल्याट मात्र पनि लिन सकिनेछ)

सम्पर्क नं.:-
**९८४५२६९७१३/९८४५०२०९५१**
**९८५५०३०९५१ (whatsapp)**



साझाकुरा

## हाम्रो कुरा

# भगौडा सहकारीले निम्त्याएको त्राश

कुनैबेला सहकारी संस्था दर्ता गर्ने लहरै चलेको थियो । सहकारी खोल्ने, सेयर सदस्य बनाउने उनीहरुसँग मासिक, साप्ताहिक, दैनिक बचत संकलन गर्ने, आकर्षक ब्याज दिने प्रलोभन दिने काम हुने गरेको थियो । सर्बसाधारणसँग बचतका नाममा संकलन गरेको रकममा संचालकहरुले नयाँ बाइक/गाडी किन्ने, टाइसुट लगाएर टिपटप बनेर हिंड्ने, बेलुकी महँगो रेस्टुरेन्टमा खानपिन आदिले १/२ बर्षमा सहकारी टाट पल्टिसकेको हुन्थ्यो । बचतकर्ताले बचत फिर्ता माग्न आएको खण्डमा फास्ल्याङफुस्लुङ बनाएर पठाउने र धेरै दबाव आएपछि संचालकहरु भूमिगत हुने चलन थियो । धेरै सहकारीले जनबिश्वास गुमाएका थिए । त्यसको केही पछि सहकारीका संचालकहरुले सर्बसाधारणको बचतको पैसाले जग्गा दलालीको काम गर्न थाले । पछिल्लो २/३ बर्ष यता आएर जग्गाको कारोबार पनि ठप्प भएको छ । सेयरबजार पनि एक बर्षदेखि ओरालो यात्रामा छ ।

सहकारीका संचालकहरुले गर्ने अतिरिक्त ब्यवसायमा मन्दी आएको छ । बाहिरी जिल्लामा दर्ता भई हेटौंडामा शाखाको रुपमा सञ्चालित सहकारीको कार्यबाट स्थानीय सहकारीलाई चुनौती थपिदिएको छ । हेटौंडामा सोमबार ६६ औं राष्ट्रिय सहकारी दिवसको अबसरमा आयोजित सभामा सरोकारवाला निकायका प्रतिनिधिले बाहिरी जिल्लामा दर्ता भएरको सहकारीले हेटौंडामा शाखा खोलेर काम गरिरहेका बताएका छन् । उनीहरुले सानोतिनो समस्या आउनेबित्तिकै शाखा बन्द गरेर फिर्ता जाने गरेका छन् । शाखा स्थापना गरेर कार्यसम्पादन गर्दै आएका सहकारीको कारण स्थानीय सहकारीको विश्ससनीयतामा प्रश्न उठेको छ । बाहिरी जिल्लामा दर्ता भएर हेटौंडामा शाखा खोलेका सहकारीको कारण स्थानीय सहकारीप्रति समस्या भएको पाइएको हो । मकवानपुरका सहकारीहरु राम्रो छन् तर, अन्य जिल्लामा दर्ता भएर मकवानपुरमा सेवाकेन्द्र खोली कार्य गरेका सहकारीले सर्बसाधारणको रकम दुरुपयोगका कारण मकवानपुरका सहकारीलाई असर परेको हो । लोभ र बढी ब्याजदरको प्रलोभनमा नपरी आफ्नै नजिक रहेका सहकारीहरुमा कारोबार गर्न सबै सदस्यलाई आग्रह गरिएको छ । सहकारीले राम्रो कामहरु पनि गरिरहेका छन् । केही सहकारीले नराम्रो काम गरेमा त्यसले सिंगो सहकारी क्षेत्रलाई असर गरिरहेको छ । सहकारीले विषेशत गरिबी निवारणको क्षेत्रमा काम गरेर राज्यलाई सहयोग गरिरहेको छ । सहकारीको स्वनियमन गरी सुशासनमा रही काम गर्दा सहकारी क्षेत्रको विकासले गति लिन्छ ।

सदस्य केन्द्रित र समुदायप्रति चासो राखेर सहकारीले आर्थिक कारोबारको काम गर्नुपर्नेमा पछिल्लो समय सहकारीले गरेको लगानी उत्पादनमूलक क्षेत्रमा नभई अनुत्पादक क्षेत्रमा भइरहेकाले त्यसलाई रोक्न आवश्यक कदम चाल्नुपर्ने छ । सहरकारी संस्थाले सेयर सदस्यसँग बचत गरेको थोरैथोरै पैसालाई उत्पादनमूलक कार्यमा लगाउनु जरुरी छ । उत्पादनमूलक क्षेत्रमा लगानी गर्दा त्यसबाट रोजगारी पनि सृजना हुनेछ । स्वदेशी कच्चापदार्थमा आधारित घरेलु उद्योगमा लगानी गर्न सकेको खण्डमा देशको ब्यापारघाटालाई केही हदसम्म घटाउन सकिन्छ । सरकारले सहकारी संस्थालाई सेयर सदस्यहरु आफैंले नियमन गर्ने ब्यवस्था गरेको छ । राम्रो काम गर्ने सहकारीले सेयर सदस्यहरुलाई आकर्षक बोनस पनि दिएको उदाहरण छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ चैत २३ गते बिहीबार ६ अप्रिल २०२३ । पूर्णिमा चैत शुक्लपक्ष । चौलाथ्व ११४३ ने.सं. । सूर्योदय ५:५३, सूर्यास्त ६:२३। विश्व खेलकुद दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : कुरा काट्नेहरु सक्रिय हुने | **तुला** | : स्वास्थ्य बिग्रन सक्ने |
| **वृष** | : नयाँकाम हात पर्ने | **वृश्चिक** | : रमाइलोगरि समय बित्ने |
| **मिथुन** | : कार्यान्तरण हुन सक्ने | **धनु** | : राजनीतिमा प्रगति हुने |
| **कर्कट** | : शुभ समाचार सुन्न पाइने | **मकर** | : शारीरिक परिश्रम गर्नुपर्ने |
| **सिंह** | : अनावश्यक खर्च बढ्ने | **कुम्भ** | : पढाइमा प्रगति हुने |
| **कन्या** | : भोजको अवसर मिल्ने | **मीन** | : विश्वासमा संकट आउने |

# चुनौतीको कठघरामा प्रचण्ड सरकार



**खिमलाल देवकोटा**

अमेरिकाको वासिङ्टनस्थित पब्लिक पोलिसी संस्था ब्रुकिंग्सले सार्वजनिक गरेको एक प्रतिवेदन अनुसार विश्व व्यवस्था शिक्षा, स्वास्थ्य, गरिबी, सरकारप्रतिको विश्वासको संकट लगायत विभिन्न १० संकटबाट गुज्रिरहेको छ । द इकोनोमिस्ट म्यागाजिनले भने आगामी दिनका चुनौतीमा युक्रेन युद्धका कारण सिर्जित मूल्यवृद्धि, मुद्रास्फीति, नवीकरणीय ऊर्जामा संकट र प्यान्डेमिक पछिको चीनको अनुमान गर्न नसकिने क्रियाशीलताको अवस्थाले सिर्जना गरेका अवस्था लगायतलाई समेटेको छ ।

यता, नेपाल भने विश्व व्यवस्थाले पार्ने असरका अतिरिक्त नयाँ संकट र चुनौतीको सामना गर्न बाध्य छ । नयाँ संविधान जारी गरेको सात वर्षमा बनेको यो सातौं सरकार हो । यसमा संसद विघटनका बेला पटक-पटक नियुक्त पटके प्रधानमन्त्रीको गणना गरिएको छैन । संविधान जारी भएपछिको धेरै ठूलो अपेक्षा अविकासको अन्त्य थियो । विकासको आधार राजनैतिक स्थिरता थियो । यति ठूलो राजनैतिक स्थिरताको अपेक्षा गरिएको संविधान बमोजिम बनेको सातौं सरकार अर्थात् प्रचण्ड सरकारका चुनौतीको समीक्षा गर्ने प्रयत्न यस आलेखमा गरिएको छ ।

**चुनौती-१**

राजनैतिक स्थिरता वर्तमान सरकारको पहिलो चुनौती हो । नयाँ संविधान जारी भएपछि नेपालमा राजनैतिक क्रान्ति पूरा भएकोले अब आर्थिक क्रान्तिको पालो आयो भनियो । मार्क्सवादी भाषामा जनवादी क्रान्ति भिन्न ढंगले पूरा भयो, अब समाजवादी क्रान्तिको युगमा प्रवेश गरेको भनियो । २००७ सालदेखि यता सात दशकमा झण्डै पाँच दर्जन सरकार बने, तर कुनै पनि सर कारले पूरा अवधि काम गर्न पाएन । अरू त अरू संसदले समेत पूरा अवधि भोग गर्न पाएन ।

नयाँ संविधान पछिको सरकारले यसप्रकारको संक्रमणै संक्रमणको राजनीतिको अन्त्य गर्ने विश्वास लिइयो । तर, यस अवधिका ६ प्रधानमन्त्रीले सो काम गर्न सकेनन् । अहिले त झन् सरकार बन्न दुई होइन, आठ दल मिल्नुपर्ने अवस्था छ । यस्तो 'सुपर हंग पार्लियामेन्ट'बाट सातौं प्रधानमन्त्री बनेका प्रचण्डले यो काम कसरी गर्न सक्लान् ? १० दलीय गठबन्धनको समर्थनमा बनेको सरकारले राजनीतिक स्थायित्व दिनु थप कठिन र चुनौतीपूर्ण बनेको छ ।

**चुनौती-२**

यो सरकारको दोस्रो चुनौती संविधान कार्यान्वयन हो । नेपालको संविधानले संसद विघटन प्रधानमन्त्रीको विशेषाधिकार भन्ने कुराको सगर्व अन्त्य गरेको छ । यसका विपरीत ६ महिनाको अन्तरालमा दुई पटक भएका विघटनहरूलाई सर्वोच्च अदालतले असंवैधानिक घोषणा गर्दै संसद पुनर्स्थापना गरे पनि संसद जोगाएर राख्ने चुनौती अद्यापि छ । संविधानमा सरकार बनेको दुई वर्षसम्म र निर्वाचन हुन एक वर्षभन्दा कम अवधि बाँकी रहेको अवस्थामा समेत अविश्वासको प्रस्ताव राख्न नपाइने व्यवस्था छ । तर यो व्यवस्थालाई पूरै निष्क्रिय बनाउने गरी सरकारलाई समर्थन गर्ने दलले आफ्नो समर्थन फिर्ता लिएको खण्डमा जुनसुकै बखत पनि एक महिनाभित्र विश्वासको मत लिनै पर्ने बाध्यात्मक व्यवस्था पनि संविधानमा नै गरियो ।

अघिल्लो सरकारले समर्थन फिर्ता लिंदा पनि विश्वासको मत नलिएको र लिन आवश्यक नठानेको अभ्यास छँदाछँदै पनि यो सरकारले दुई महिनाका बीचमा दुईपटक विश्वासको मत लिएर संसदमा आफ्नो विश्वास छ भन्ने पुष्टि गर्नुपर्‍यो । परम्परागत संसदीय व्यस्थामा समेत कम्तीमा १०० दिनलाई हनिमुन पिरियड मान्ने र यो अवधिमा विपक्षी दलले समेत आलोचना नगर्ने अभ्यास स्थापित छ । यो पृष्ठभूमिमा संविधानको रक्षा र कार्यान्वयन गर्नु सरकारको अर्को चुनौती हो ।

**चुनौती-३**

आवश्यक-अनावश्यक, जायज-नाजायज सम्झौता यो सरकारको अर्को चुनौती हो । नेपालमा संसदीय व्यवस्था भनेको सरकार बनाउने र ढाल्नका लागि जस्तो पनि सम्झौता गर्ने अभ्यास गरिँदै आइयो । यही विरासतबाट सिकेर नयाँ संविधान बनाउँदा प्रत्यक्ष निर्वाचित कार्यकारीको प्रस्ताव गरिए पनि त्यसले बहुमत हासिल गर्न सकेन । आफैंले असफल करार गरेको संसदीय व्यवस्थालाई सामान्य हेरफेरसहित सुधारिएको संसदीय व्यवस्थाका नाममा अहिलेको व्यवस्था स्वीकारियो ।

जायज-नाजायज सम्झौता यो व्यवस्थाको विशेषता नै बनेको पृष्ठभूमिमा यो प्रवृत्तिबाट बचेर जनअपेक्षा पूरा गर्दै अगाडि बढ्नु यो सरकारको अर्को चुनौती हो । तर निर्वाचनमा एकातिर, सरकार बनाउँदा अर्कोतिर गठबन्धन गरेर यो सरकार जन्मिएको छ । सरकार जोगाउन गरिएको सम्झौताका कारण सरकारले आफ्नो पहिचान गुमाउनुपर्ने अवस्था छ । गठबन्धन दलका प्रस्ताव समर्थन गरे सरकार टिक्ने, फिर्ता लिए ढल्ने अवस्थामा हुने नाजायज सम्झौताबाट जोगिनु सरकारको अर्को चुनौती हो ।

**चुनौती-४**

संविधान र संघीयताको कार्यान्वयन यो सरकारको अर्को चुनौती हो । संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समावेशिता यो संविधानले संस्थागत गरेका महत्वपूर्ण राजनैतिक उपलब्धि हुन् । यसको रक्षा संविधानको कार्यान्वयनबाट मात्रै हुनसक्छ । तर यी राजनैतिक उपलब्धिका विरोधी अहिलेको संसदमा बाक्लै छन् र उनीहरू कोही खुलेर त कोही लुकेर विरोध गरिरहेका छन् ।

यी खुला र भूमिगत विरोधीहरूको हिसाब गर्दा संसद भित्रै बहुमत पुग्ने खतरा टड्कारो छ । यही संसदबाटै राजनैतिक उपलब्धिको कार्यान्वयन र रक्षा चुनौतीपूर्ण काम हो । यो चुनौती सामना गर्दा बहुमत गुम्ने डर, चुनौतीसँग सम्झौता गर्दा अल्पमतमा पर्ने डरका बीचमा संविधान, पार्टी र संस्थाहरूलाई जोगाएर राख्ने चुनौती टड्कारो बनेको छ ।

**चुनौती-५**

यो परिवर्तनका बाहक ठूला-ठूला आन्दोलन, क्रान्ति र युद्धमार्फत त्याग र समर्पणका गाथाहरू बनाएका पुराना स्थापित पार्टीहरू नै हुन् । तर यी वीरताका गाथाहरू सुन्न रुचि राख्ने मानिस कम हुँदै गएका छन् । युद्ध, क्रान्ति, आन्दोलन, जेलनेलका कुरा छोडेर निर्माणका कुरा गर्नुपर्ने माग घन्किन थालेको छ ।

तर आफ्नो ऊर्जाशील जीवन क्रान्ति र जेलनेलमा बिताएका पार्टी र नेताहरूको मानसिकता रातारात बदलिन संभव छैन । त्यसैले आज नेता र जनताका बीचमा, पार्टी र समुदायका बीचमा आवश्यकता-अपेक्षा र चाहना-परिपूर्तिका बीचमा निकै ठूलो खाडल छ । यसलाई परिपूर्ति गर्ने चुनौती पनि वर्तमान सरकारको अगाडि छ ।

**चुनौती-६**

संविधानको रक्षा, प्रयोग र विकास एउटा प्रक्रियामा हुन्छ । एकाथरी शक्ति यो संविधान मन पराउँदैनन्, अर्काथरीले पनि यसमाथि पूर्ण स्वामित्व लिन नसकेर यसलाई चलायमान बनाउन परिमार्जनको माग गरिरहेका छन् । यसरी कसैले पनि पूर्ण स्वामित्व लिन नसक्ने अवस्थाले संविधानलाई जोखिममा पार्न सक्छ । संविधानको कार्यान्वयनकै लागि अन्य संवैधानिक आयोगहरूको १० वर्षमा पुनरावलोकन गर्नुपर्ने बाध्यता छ । हरेक १० वर्षमा जनगणना र हरेक २० वर्षमा निर्वाचन क्षेत्रको पुनरावलोकन गर्न आवश्यक छ । संविधान जारी भएको झण्डै एक दशकमा गरिएका अभ्यासका क्रममा भोगेका समस्याको समाधान गर्न पनि संविधानको पुनरावलोकन गर्न जरूरी छ । यो पृष्ठभूमिमा पुनरावलोकन गर्दा पनि प्याण्डोरा बक्स खुल्ने, नगर्दा पनि संविधानको उल्लंघन हुने जोखिम छ । यसर्थ संविधानमा प्राप्त उपलब्धिको रक्षा र विकास सरकारको अर्को चुनौती हो ।

**चुनौती-७**

सबैभन्दा ठूलो चुनौती यो संविधानको स्वामित्वको हो । संविधान जारी गर्नेबेला नै संविधान संशोधन गर्ने शर्तबन्दी गरिएको थियो । संशोधनपछि मात्रै संविधानको स्वामित्व ग्रहण गर्ने एक पक्षको दावा निमिट्यान्न भइसकेको छैन । अर्कोतर्फ दक्षिणी छिमेकीको चाहना विपरीत जारी भएकोले पनि उसले दिलैदेखि समर्थन गरेको आजसम्मका गतिविधिले देखाएको छैन । ओठे समर्थन गरेकाहरू पनि अनुकूल अवस्थामा स्वार्थपूर्ति गर्न चुक्दैनन् । यस्तो प्रतिकूल परिस्थितिमा सरकारलाई जनअपेक्षा पूरा गर्दै अगाडि बढ्नुपर्नेछ । थोरै कमजोरीले पनि सरकार मात्रै होइन, संविधान नै धरापमा पर्ने खतरा सामुन्नेमा छ ।

**निष्कर्ष:**

उल्लिखित ७ चुनौतीका बीचमा प्रश्नै प्रश्न तेर्सिएका राजनैतिक दल र नेताहरू राजनीतिमा क्रियाशील छन् । पार्टी राजनीति र देश धनाढ्यदेखि नवधनाढ्यहरूको कब्जामा पुगेको छ । यति नै बेला रूस-युक्रेन युद्धले सिंगो विश्व नै आर्थिक संकट व्यहोरिरहेको छ । यसको पक्ष-विपक्षमा खुलेर उभिनुपर्ने दबाव पनि सरकारले सामना गरिरहेको छ ।

राजनीतिमा दूरदृष्टि एकादेशको कथा बन्दा अल्पकालीन स्वार्थ हावी भएको छ । सबै कुराको पूर्वानुमान गर्न सकिन्छ तर हाम्रो अदालत र राजनीति संभव र सहज छैन भन्ने भाष्य स्थापित हुन थालेको छ । जनताको दैनिकी दिन दुगुना रात चौगुना कष्टकर बन्दैछ । तस्कर, कालाबजारी र कमिसनखोरहरूको मस्ती बढ्दो छ । इमानदारहरू पाखा लाग्ने र बेइमानहरू कुर्सीमा आसीन हुने अभ्यास अपवाद होइन, नियम बनिरहेको छ ।

वर्ग उत्थान भएका नेताहरू जनताबाट अलग-थलग भएका छन् । दलभित्रको आन्तरिक गुटबन्दी उस्तै छ । गुट-उपगुटको सत्ता स्वार्थ र सुविधाका लागि घुर्की र धम्की बढिरहेको छ । राजनीतिमा झाँगिएको यस्तो प्रवृत्ति समयमै रोक्न नसक्दा समाज अन्योल, अस्थिरता र अपराधको भुमरीमा फस्ने निश्चित छ । जनता तवाह-तवाह भएका छन् । यो सबैको सामना गर्न हामीसँग केवल सरकार छ । सरकार यी सबै चुनौतीको सामना गर्न तयार हुनैपर्छ ।

*(साभार: अनलाइनखबर)*

# कसरी कम गर्न सकिन्छ महिलामाथि हुने घरेलु हिंसा ?

**अपर्णा खरेल**

घरेलु हिंसा विवाह, साझेदारी र पारिवारिक सम्बन्धलगायत घनिष्ठ सम्बन्धहरूमा हुने दुर्व्यवहारको एक रूप हो । यसका शारीरिक, यौन, भावनात्मक र आर्थिक दुर्व्यवहारसहित विभिन्न फरक रूपहरू रहेका हुन्छन् । र, पीडितहरुमा यसले गम्भीर तथा दीर्घकालीन प्रभाव पारेको हुन्छ । घरेलु हिंसा विश्वव्यापी रूपमा एक व्यापक समस्या हो, जसले सबै लिङ्ग, उमेर र सामाजिक तथा आर्थिक पृष्ठभूमिका मानिसहरूलाई असर गर्छ । नेपालमा पनि घरेलु हिंसा व्यापक छ । गहिरो रूपमा गाँसिएको पितृसत्तात्मक मनोवृत्ति र लैङ्गिक असमानताका कारणले महिलाहरूविरुद्ध घरेलु हिंसाको दर उच्च रहेको पाइएको छ ।

सन् १९४८ मा संयुक्त राष्ट्र संघले अङ्गिकार गरेको मानव अधिकारको विश्वव्यापी घोषणा पत्रले सबै नागरिक स्वतन्त्र रुपमा जन्मिएकाले सबैको सम्मानपूर्वक बाँच्न पाउने अधिकार समान हुने घोषणा गरेको छ । संघको घोषणापत्रको धारा २ ले सबै नागरिक (चाहे जुनसुकै धर्म, वर्ण, लिङ्ग, सम्प्रदाय, भाषा वा राजनैतिक आस्थाको होस्) समान र स्वतन्त्र हुने व्यवस्था गरेको छ । धारा ५ ले कुनै पनि व्यक्तिलाई कसैलाई पनि यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय दिइने छैन भन्ने प्रत्याभूति दिएको छ ।

सरकारले २०६६ मा नेपालले घरेलु हिंसा (अपराध र सजाय) ऐन लागू गरी देशमा हुने घरेलु हिंसालाई सम्बोधन गर्ने प्रयास गरेको देखिन्छ, जसले घरेलु हिंसालाई अपराध भनेको छ भने पीडितहरूलाई कानूनी सुरक्षा प्रदान गरेको छ । हाल नेपाल सरकारले घरेलु हिंसाबाट पीडितका लागि विभिन्न स्थानमा आश्रय र परामर्श सेवा पनि स्थापना गरेको छ । यद्यपि, घरेलु हिंसा (कसुर र सजाय) ऐन बनेर नेपालमा घरेलु हिंसा विरुद्धको प्रयास भएतापनि यस विषयमा मौनता र सहिष्णुताको संस्कार कायमै छ ।

घरेलु हिंसाको अनुभव गर्ने धेरै महिला सामाजिक कलंक वा दुर्व्यवहार गर्नेहरूबाट बदला लिने डरले बोल्न वा मद्दत लिन डराउँछन् । नेपालमा घरेलु हिंसालाई सम्बोधन गर्न प्रणालीगत चुनौती पनि रहेका छन् । उदाहरणका लागि प्रभावकारी कानून प्रवर्द्धनको अभाव र पीडितहरूका लागि कानुनी सहायतामा सीमित पहुँच । यी कारणले अपराधीहरूलाई कानूनी कठघरामा खडा गराउन गाह्रो बनाउँछ । यसबाहेक नेपाली समाजमा हावी हुने पितृसत्तात्मक मान्यता र मूल्यमान्यताका कारण लैङ्गिक असमानता कायम रहेको र महिलाविरुद्ध हिंसा जारी रहेको देखिएको छ ।

नेपालमा घरेलु हिंसा विरुद्ध लड्न काम गर्ने विभिन्न गैरसरकारी संस्था छन् । जसले घरेलु हिंसाका पीडितहरूका लागि समर्थन सेवाहरूमा पहुँच बढाउनेदेखि यस विषयमा शिक्षा र चेतना जगाउने कार्यहरू गरिरहेका छन् । घरेलु हिंसाका पीडितलाई सहयोग र सुरक्षा प्रदान गर्न सरकार, नागरिक समाज र आम जनताको सामूहिक प्रयास आवश्यक छ ।

**सबैभन्दा बढी घरभित्रै हिंसा**

महिला पुनर्स्थापना केन्द्र (ओरेक)को तथ्याङ्अनुसार २०७७ सालमा महिला हिंसाका १ हजार ७ सय ७२ वटा घटनामध्ये सबैभन्दा बढी ६३ प्रतिशत अर्थात् एक हजार ११६ जना महिलामाथि आफ्नै घरभित्र हिंसा भएको छ । यसै गरी २०७७ सालमा महिलामाथि घरेलु हिंसापछि सबैभन्दा बढी सामाजिक हिंसा भएको पाइएको छ । २६५ जना महिलामाथि सामाजिक हिंसा भएको छ । १५ जना महिलाको हत्या, ९ जना महिलामाथि हत्याको प्रयास भएको छ । २० जना महिला यस वर्ष बेचबिखनमा परेकोमा तीमध्ये १८ जना पीडित साक्षर रहेका छन् । १२ जना महिलाले आत्महत्या गरेका छन् भने ४ जना महिलाले आत्महत्याको प्रयास गरेको पाइएको छ । कुल हिंसा प्रभावितमध्ये ५१ प्रतिशत हिंसा आफ्नै श्रीमानबाट, १९ प्रतिशत परिवारका सदस्यबाट, १८ प्रतिशत छिमेकीबाट तथा ७ प्रतिशत आत्मीय साथीहरु तथा अपरिचित व्यक्तिहरुबाट भएको छ ।

त्यसै गरी, नेपाल प्रहरीमा आर्थिक वर्ष २०७७/०७८ मा आएका उजुरीमध्ये सबैभन्दा धेरै घरेलु हिंसाकै घटना छन् । यस आर्थिक वर्षमा १४ हजार २ सय ३२ वटा उजुरी प्रहरीमा आएका छन् । प्रहरीमा बढी महिला पुग्नुले हिंसा सहन हुन्न भन्ने चेतना महिलामा बढेको अनुमान गर्न सकिन्छ । यद्यपि हिंसाको चरम अवस्थामा पुगेपछि मात्र पीडित प्रहरीकहाँ उजुरी गर्न पुग्ने गरेको पाइएको छ ।

२०७७/०७८ मा नेपाल प्रहरीमा ८४ वटा उजुरी बालविवाह विरुद्ध र बोक्सीको आरोपमा महिलालाई यातना दिइएका ६१ वटा उजुरी दर्ता भएका छन् । यस वर्ष ८ सय ५२ वटा बहुविवाहका उजुरी प्रहरीमा दर्ता भएको पनि तथ्याङ्कमा उल्लेख छ । यस्तै १८७ जना महिलामाथि जबरजस्ती करणी र ३६ जना महिलामाथि जबरजस्ती करणीको प्रयास भएको छ । पीडित महिलामध्ये सबैभन्दा बढी ४५ प्रतिशत (८४ जना) जबरजस्ती करणीका घटना १६ वर्षमुनिका बालिकामाथि भएको तथ्याङ्कमा उल्लेख छ ।

घरेलु हिंसा शब्दले महिला तथा पुरुष दुवैमाथि हुने हिंसालाई समेट्ने भएता पनि नेपाल प्रहरी तथा ओरेक नेपालको तथ्याङ्क हेर्दा नेपालको सन्दर्भमा घरेलु हिंसा भन्नाले महिला हिंसा भनि बुझ्नुपर्ने अवस्था देखिएको छ । घरेलु हिंसा एक व्यापक समस्या हो, जसले व्यक्ति र परिवारलाई संसारको हरेक देश र क्षेत्रमा असर गर्छ । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) को तथ्याङ्कअनुसार विश्वभरी लगभग ३३ प्रतिशत महिलाले आफ्नो जीवनकालमा घनिष्ठ पार्टनर वा गैरसाझेदारद्वारा यौन हिंसाको शिकार हुन्छन् ।

विश्वमा लगभग २५ प्रतिशत बालबालिकाले शारीरिक, भावनात्मक र यौन दुर्व्यवहारसहित कुनै न कुनै प्रकारको घरेलु हिंसाको अनुभव गर्छन् । कोभिडले घरेलु हिंसाको मुद्दालाई बढाएको छ । तालाबन्दी र क्वारेन्टाइनले एक्लोपन र तनाव बढाएका कारण धेरै देशमा घरेलु हिंसाका घटनामा वृद्धि भएको पाइएको छ ।

**घरेलु हिंसाका कारण**

नेपालमा घरेलु हिंसाका विभिन्न आधार भूत कारण छन्, जसलाई बुँदागत रुपमा यसरी बुझ्न सकिन्छ:

**१. पितृसत्तात्मक मान्यता र मूल्यमान्यता:**

नेपाल पितृसत्तात्मक समाज हो, जहाँ महिलाको तुलनामा पुरुषको अधिक शक्ति र प्रभाव छ । यो सामाजिक संरचनाले लैङ्गिक असमानतालाई कायम राख्छ र पुरुषहरू महिलाभन्दा श्रेष्ठ छन् भन्ने विश्वासलाई बलियो बनाउँछ । फलस्वरूप, महिलाहरू प्राय: उनीहरूको घरमा हिंसा र दुर्व्यवहारको शिकार हुन्छन् । किनकि उनीहरूका पति वा परिवारका पुरुष सदस्यहरूले उनीहरूलाई नियन्त्रण गर्ने अधिकार महसुस गर्छन् ।

**२. आर्थिक निर्भरता:**

नेपालमा धेरै महिलाहरू आर्थिक रूपमा आफ्ना श्रीमान् वा पुरुष परिवारका सदस्यहरूमा निर्भर छन्, जसले गर्दा उनीहरूलाई अपमानजनक सम्बन्ध छोड्न गाह्रो हुने गरेको पाइएको छ । शिक्षा र सीप नभएका महिलाहरूले सीमित रोजगारीका अवसर र स्वतन्त्रताको लागि आर्थिक बाधाहरूको सामना गर्नुपर्ने हुन सक्छ ।

**३. शिक्षा र चेतनाको अभाव:**

यहाँ घरेलु हिंसाको बारेमा शिक्षा र चेतनाको कमी छ, जसले महिलालाई दुर्व्यवहार पहिचान गर्न र रिपोर्ट गर्न गाह्रो बनाउन सक्छ । त्यसै गरी, घरेलु हिंसा गर्ने धेरै पुरुषलाई आफ्नो कार्य गलत छ भन्ने थाहा नहुन सक्छ, किनकि उनीहरू महिला विरुद्धको हिंसा सामान्य भएको समाजमा हुर्केका छन् ।

**४. मदिरा र लागूपदार्थको दूरूपयोग:**

मदिरा र लागूपदार्थको दुरुपयोग पनि घरेलु हिंसाको कारक हो । धेरै पिउने वा लागूपदार्थ प्रयोग गर्ने पुरुषहरू आफ्ना साझेदारहरूप्रति हिंस्रक हुन सक्छन्, घरमा तनाव र झगडा बढाउँछन् ।

**५. कमजोर कानुनी र संस्थागत ढाँचा:**

नेपालमा घरेलु हिंसालाई सम्बोधन गर्न कानुन भए तापनि कमजोर कानूनको कार्यान्वयन र संस्थागत सहयोगको कमीले महिलालाई न्याय र संरक्षणमा पहुँच गाह्रो छ । पीडितको कानुनी र न्यायिक प्रणालीको स्रोत र क्षमताको कमीले पनि अपराधीहरूको मनोबल बढ्छ ।

**घरेलु हिंसाका परिणामहरू**

घरेलु हिंसाले पीडित, परिवार र समग्र समाजमा नकारात्मक परिणाम ल्याउँछ । जसलाई बुँदागत रुपमा यसरी बुझ्न सकिन्छ:

१. शारीरिक चोट: घरेलु हिंसाले गम्भीर शारीरिक चोट निम्त्याउन सक्छ । शरीरमा चोटपटक, हड्डी भाँचिने, हतियारद्वारा काट्ने, आगो लगाउने जस्ता गम्भीर अवस्थामा घरेलु हिंसाको परिणाम मृत्युसमेत हुन सक्छ ।
२. मानसिक स्वास्थ्य समस्या: घरेलु हिंसाले लामो समयसम्म चल्ने मानसिक स्वास्थ्य समस्या पनि निम्त्याउन सक्छ । जस्तै डिप्रेसन, चिन्ता, पोस्ट ट्रमाटिक तनाव विकार र आत्महत्याको विचार आदि ।
३. खराब स्वास्थ्य परिणाम: घरेलु हिंसाले दीर्घकालीन दुखाइ, थकान, अनिद्रा र ग्यास्ट्रोइंटेस्टाइनल समस्याहरूसहित खराब स्वास्थ्य परिणामहरूको दायरा निम्त्याउन सक्छ ।
४. सामाजिक अलगाव: घरेलु हिंसाका पीडितहरूले डर, लाज वा अप्ठ्यारोको कारणले आफ्नो परिवार, साथीभाइ र समुदायबाट अलग्गिएको महसुस गर्न सक्छन् ।
५. आर्थिक नतिजा: घरेलु हिंसाले पीडितहरूका लागि आय, रोजगारीका अवसरहरू र सम्पत्तिको हानि जस्ता गम्भीर आर्थिक परिणामहरू पनि ल्याउन सक्छ ।
६. अन्तर पुस्ता प्रभाव: घरेलु हिंसा देख्ने बालबालिकाहरूले भावनात्मक, संज्ञानात्मक र व्यवहारिक समस्याहरू अनुभव गर्न सक्छन्, जसले उनीहरूको विकास र भविष्यको सम्बन्धलाई असर गर्न सक्छ ।

घरेलु हिंसाको अनुभव गरेका महिलाहरूले भविष्यमा हिंसाको सामना गर्ने जोखिममा छन् । घरेलु हिंसाले व्यक्ति, परिवार र समुदायलाई असर गर्ने दूरगामी परिणाम छन् ।

**घरेलु हिंसा न्यूनीकरणका उपाय**

रेलु हिंसा न्यूनीकरणको लागि कुनै सर्वमान्य समाधान छैन । सबैभन्दा प्रभावकारी दृष्टिकोण प्रत्येक मुद्दाको विशिष्ट परिस्थितिमा निर्भर गर्दछ । यद्यपि, त्यहाँ केही उपाय दिइएका छन्, जुन घरेलु हिंसाविरुद्ध लड्न प्रभावकारी हुन सक्छ:

१. शिक्षा र सचेतना: शिक्षा र सचेतना कार्यक्रमले व्यक्तिलाई घरेलु हिंसाका लक्षण पहिचान गर्न, यसको प्रभाव बुझ्न र सहयोग र सहायताका लागि उपलब्ध स्रोतहरूबारे जान्न मद्दत गर्न सक्छ ।
२. हटलाइन र आपतकालीन सेवा: हटलाइन र आपतकालीन सेवाले घरेलु हिंसाका पीडितलाई तत्काल सहयोग र सहायता प्रदान गर्न सक्छन् ।
३. सुरक्षा र निषेध आदेश: सुरक्षा आदेश र निषेध आदेशले दुर्व्यवहार गर्ने व्यक्तिलाई पीडितसँग सम्पर्क गर्न वा नजिक आउन निषेध गरेर घरेलु हिंसा पीडितलाई कानुनी सुरक्षा प्रदान गर्न सक्छ ।
४. परामर्श र थेरापी: परामर्श र थेरापीले घरेलु हिंसाका पीडितलाई दुर्व्यवहारको भावनात्मक र मनोवैज्ञानिक प्रभावलाई सम्बोधन गर्न र सामना गर्ने रणनीति विकास गर्न मद्दत गर्न सक्छ ।

*(साभार: रातोपाटी)*

# मधेशमा उपेन्द्र यादव र सीके राउतबीच वर्चस्वको लडाइँ



काठमाडौं/जनमत पार्टीका अध्यक्ष सीके राउत पाँच दिनयता बारामा छन् । बारा क्षेत्र नम्बर २ मा उम्मेदवार बनाउन शिवचन्द्र कुशवाहालाई पार्टी प्रवेश गराएर मधेश झरेका उनी बिहानदेखि साँझसम्म घरदैलोमा व्यस्त हुन्छन् ।

राउत गढीमाईस्थित पार्टी कार्यालयमै बास बस्छन् । जनमतका प्रवक्ता बीपी साहका अनुसार हरेक दिन बिहान उठेर अगुवा कार्यकर्तालाई अघि लगाउँदै घरदैलो थाल्छन् । कति ठाउँ उनको साथमा उम्मेदवार कुशवाहा हुन्छन्, कतिपय बेला हुन्नन् । दिनभर घरदैलो गरेर राउत साँझ पार्टी कार्यालयमै फर्किन्छन्, जहाँ वडा इन्चार्ज तथा अगुवा कार्यकर्ता गरी १००-१५० का लागि मेसमा खाना पाकेको हुन्छ । राउत पनि त्यही खाना खान्छन् र पार्टी कार्यालयमै सुत्छन् । साह भन्छन्, 'कुनै आकस्मिक काम पर्‍यो भने हो, नभए चुनाव सकेर मात्र फर्किनुहुन्छ होला ।'

घरदैलोका क्रममा पनि राउत चर्को भाषण गर्छन् । बारा-२ मा जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादव सहित २४ जना उम्मेदवार चुनावी मैदानमा छन् । तर सीके राउत, उपेन्द्रमाथि निशाना साध्छन्, 'जहरिला साँप', 'बाहिरिया फिरंगी', 'भगौडा' जस्ता उपनाम दिएर आलोचना गर्छन् ।

मधेश आन्दोलनको इतिहासमाथि 'ब्ल्याकआउट' पुस्तक लेखेका रामरिझन यादव मधेशमा उपेन्द्रको वर्चस्व तोडेर आफू हावी हुन राउत अग्रसर रहेको बताउँछन् । 'जसको पक्षमा जनमत छ, त्यसको आलोचना नगरी कमजोरी नऔंल्याई आफू बलियो हुन सकिन्न' उनी भन्छन्, 'त्यसैले, मधेश राजनीतिमा उपेन्द्र यादवको शक्ति पहिचान गरेदेखि नै राउत उनको कमजोरी खोतल्न लागेका हुन् ।'

सीकेले आफूबारे गरेको टिप्पणीबारे उपेन्द्रले धेरै बोलेका छैनन् । २० गते उम्मेदवारी दर्तापछि सञ्चारकर्मीहरूले सोधेको प्रश्नमा यत्ति भने, 'म झन्डा उठाएर मूल बाटोबाटै आइरहेको छु । नेपालको नागरिकलाई बाहिरिया भन्न पाइँदैन ।' राउतबाट निरन्तर आलोचना खेपिरहेका जसपा अध्यक्ष यादवको यो नै एक मात्र जवाफ हो । ४ मंसिरको प्रतिनिधिसभा निर्वाचनमा सप्तरी-२ मा राउतले नै यादवलाई दोब्बर मतान्तरले हराएका थिए । १० वैशाखमा हुने उपचुनावमा यादवसँग जनमतका कुशवाहा उम्मेदवार हुन्, प्रतिस्पर्धा भने राउत आफैंले गर्दैछन् ।

**यादव जे खोज्छन्, राउत त्यही रोज्छन्**

पछिल्लो चुनावयताको लुकामारीले मधेश राजनीतिमा उपेन्द्र यादव र सीके राउतको प्रतिस्पर्धा देखाउँछ । २०४८ सालमा पहिलो पटक नेकपा एमालेको तर्फबाट सुनसरीमा उठेका यादव गिरिजाप्रसाद कोइरालासँग पराजित भएका थिए । २०५१ सालको आम निर्वाचनमा पनि सुनसरीबाटै लडेर पराजित भएका उनी २०६४ सालको पहिलो संविधान सभा निर्वाचनमा मोरङ-५ र सुनसरी-५ क्षेत्रबाट विजयी भएका थिए ।

२०७० सालको दोस्रो संविधानसभामा पनि दुवै क्षेत्रमा चुनाव लडेका उनी मोरङमा पराजित भए, सुनसरीमा जिते । २०७४ मा भने उनले सुनसरी छाडेर सप्तरी फर्किए र क्षेत्र २ बाट चुनाव लडे । यो पटक उपेन्द्र यादव पुरानै क्षेत्रमा चुनाव लड्ने-नलड्ने अलमल थियो । किनकि स्थानीय चुनावमा राम्रो नतिजा ल्याएको जनमत पार्टीका अध्यक्ष सीके राउत पनि त्यही क्षेत्रबाट उठ्न सक्थे ।

उम्मेदवारीको दुई दिनअघि पाँचदलीय गठबन्धन छाडेर एमालेसँग सहकार्य गरेपछि यादवले सप्तरी-२ नै रोजे । जनमत पार्टीका अध्यक्ष राउतले पनि यादवसँगै प्रतिस्पर्धा छेडे । ४ मंसिरको चुनावमा एमालेको समर्थनका बाबजुद यादव पराजित भए, दुई गठबन्धनसँग प्रतिस्पर्धा गरेका राउत भारी मतले विजयी भए । सत्ता राजनीतिमा पनि उपेन्द्र यादव र सीके राउतबीच प्रतिस्पर्धा चलेको देखिन्छ ।

मधेश प्रदेशसभामा एमालेले २३, कांग्रेसले २२ सिट जित्दा जसपाले १६ र जनमतले १३ सिट जित्यो । १० पुसमा एमाले, माओवादी सहित ७ दलको गठबन्धन बन्दा जसपा र जनमत दुवैले मधेश प्रदेशको मुख्यमन्त्री आफूले पाउनैपर्ने अडान राख्यो । आलोपालोमा सहमति भए पनि जसपाका सरोज यादव मुख्यमन्त्री बने ।

राष्ट्रपति निर्वाचनसँगै गठबन्धन फेरियो । माओवादीले १० दलको नयाँ गठबन्धन बनाएपछि संवैधानिक पदहरूको भागबण्डा हुँदा कांग्रेसले राष्ट्रपति लियो भने जसपाले उपराष्ट्रपति दाबी गर्‍यो । जसपाको दाबीमा गठबन्धनमा दलहरू कांग्रेस, माओवादी र एकीकृत समाजवादी सहमत भए, तर जनमतले साना दलहरूको समर्थन जुटाएर छुट्टै उम्मेदवार (ममता झा) खडा गर्‍यो । नेताहरूका अनुसार हार्ने निश्चित प्रतिस्पर्धामा जनमतले छुट्टै उम्मेदवारी दिनुको एक मात्र उद्देश्य थियो, उपेन्द्र यादवलाई ललकार्नु ।

त्यसपछि सुरु भयो, उपनिर्वाचनको माहोल । जसरी पनि उपराष्ट्रपति लिनु र रामसहाय यादवलाई उम्मेदवार बनाउनुको पछाडि उपेन्द्र यादवको स्वार्थ थियो, बारा-२ मा उपचुनाव । गठबन्धनको बलमा उपचुनाव जित्ने र फेरि संसदमा आउने उपेन्द्रको दाउलाई बुझेका सीके राउतले उपनिर्वाचनको मिति तय नहुँदै उपराष्ट्रपति यादवको निर्वाचन क्षेत्रमा जनमतले उम्मेदवार उठाउने घोषणा गरे । अनि, मंसिरको चुनावमा बारा २ मा दोस्रो भएका माओवादी केन्द्रका शिवचन्द्र कुशवाहालाई पार्टी प्रवेश गराएर उम्मेदवार बनाएका छन् ।

अनि, उपेन्द्र यादवलाई कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी र लोसपाको समर्थनका बावजुद राउत आफ्नो लक्ष्यमा डगमगाएका छैनन् । कतिसम्म भने बारा-२ मा जनमतको उम्मेदवारी रोक्ने शर्तमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले जनमतका अध्यक्ष राउतलाई उपप्रधानमन्त्री तथा उद्योगमन्त्री बन्न प्रस्ताव गरेका थिए । तर राउतले सरकार नै छाडेर चुनावी प्रतिस्पर्धा रोजेका छन् ।

**मधेशको 'मसिहा' बन्ने राउतको आकांक्षा**

उपेन्द्र यादव विरुद्ध हरहालतमा लड्नुको पछाडि सीके राउतको मधेशको 'मसिहा' बन्ने महत्वाकांक्षा स्पष्टै झल्किन्छ । 'उनी सत्तामा आउजाउ गरिरहेका दलहरूप्रति मधेशमा रहेको असन्तुष्टि समातेर स्थापित हुन लागिपरेका छन् । मधेशको मसिहा बन्ने उनको ध्येय स्पष्टै छ', पूर्वराजदूत समेत रहेका मधेश मामिलाका जानकार विजयकान्त कर्ण भन्छन् । महन्थ ठाकुर नेतृत्वको लोसपा निकै कमजोर देखिएको छ । प्रत्यक्षतर्फ ४ सांसद जितेको उसले थ्रेसहोल्ड कटाउन सकेन र राष्ट्रिय पार्टीको मान्यता समेत पाएन । मधेश प्रदेशमै पनि लोसपा ९ सिटमा खुम्चिएको छ । अरू पार्टीहरू झन् कमजोर छन् ।

उपेन्द्र यादव पनि निरन्तर ओरालो लागेका छन् । तर क्षेत्रीय पार्टीमध्ये सबभन्दा बलियो जसपा नै भएकाले सीके राउतले उपेन्द्रलाई निशाना बनाएका हुन् । उपेन्द्रलाई आक्रमण गरियो भने त्यो स्थान आफूले लिन सकिन्छ भन्ने राउतलाई लागेकाले उनका कमजोरीलाई देखाउन उद्यत रहेको कर्ण बताउँछन् । मधेशमा राजनीतिक मसिहा बन्ने खिचातानी नयाँ भने होइन । २००७ सालको राजनीतिक परिवर्तनपछि वेदानन्द झा, २०४७ को बहुदलीय व्यवस्थापछि गजेन्द्रनारायण सिंह र २०६३/६४ को मधेश आन्दोलनपछि उपेन्द्र यादव उदाएका थिए ।

अहिले डा. सीके राउत आएका छन् । 'स्वतन्त्र मधेश'को नारा लगाएर राजनीतिक चर्चामा आएका राउत २४ फागुन २०७५ मा केपी शर्मा ओली नेतृत्वको तत्कालीन सरकारसँग 'संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल एक स्वतन्त्र, स्वाधीन, सार्वभौमसत्ता सम्पन्न अविभाज्य राष्ट्र हो भन्ने स्वीकार गर्दै' खुला राजनीतिमा आएका हुन् । लगत्तै उनले जनमत पार्टी गठन गरेर चुनावी तयारी थाले ।

४ मंसिरमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा थ्रेसहोल्ड कटाएर समानुपातिकतर्फ ५ सिट पाएको जनमत पार्टीका अध्यक्ष सिके राउतले प्रत्यक्ष चुनाव जिते । यो चुनावी सफलतासँगै उनी मधेशको शक्ति हत्याउने राजनीतिमा केन्द्रित भएको बताउँछन्, लेखक रामरिझन यादव । तर राउतको एजेण्डा र राजनीतिक बाटो भने अझै स्पष्ट भइनसकेको उनको विश्लेषण छ । 'राजनीति नै गर्ने चाहनाका साथ अमेरिकाबाट फर्किएको बताउँदै नयाँ प्रयोगका विषयहरू त उठाउँछन् तर त्यो नयाँ भनेको के हो र त्यसलाई कसरी हासिल गर्ने भन्ने स्पष्ट पार्न सकेका छैनन्', उनले भने ।

उनका अनुसार, उपेन्द्र यादव गजेन्द्रनारायण सिंहको संघीयता, संविधानसभा लगायत एजेन्डा बोक्दै विद्रोहको नेतृत्व गरेर मधेशको राजनीतिमा उदाएका थिए । त्यसमा सहमत पूर्वराजदूत कर्ण भन्छन्, 'माओवादीले उठाएको पहिचानको एजेण्डा र तत्कालीन मधेशी जनअधिकार फोरमको नेतृत्वमा भएको पहिलो मधेश आन्दोलनको नेतृत्व गरेर उपेन्द्र नेता बने । दोस्रो र तेस्रो मधेश आन्दोलनबाट उनले संविधानमा नै संघीयता राख्न भूमिका समेत खेले । सीके राउत भने त्योभन्दा फरक र सजिलो गरी मधेशमा स्थापित हुने कोशिशमा छन् । कर्णको बुझाइमा महन्थ ठाकुर र उपेन्द्र यादव पछिल्लो पाँच वर्ष काठमाडौंको सत्ता राजनीतिमा लिप्त रहँदा मधेशमा बढेको असन्तुष्टिलाई समाएर जनतामा जान राउतलाई सजिलो छ । तर मसिहा बन्न सहज भने छैन ।

(स्रोत: अनलाइनखबर)

# 'प्रसाद २'को प्रदर्शन रोक्न उच्च अदालत पाटनको आदेश



काठमाडौं/निर्माता सुभाष थापाले आर्थिक पाटो मिलाउन नसक्दा विवादमा तानिएको फिल्म 'प्रसाद २'को चैत २४ गतेको प्रदर्शन रोक्न उच्च अदालत पाटनले आदेश दिएको छ । फिल्मका पूर्व निर्माता केशव पाण्डेले आफ्नो पैसा निर्माता थापाले नदिएका कारण फिल्मको प्रदर्शन रोक्न माग राख्दै अदालतमा रिट हालेका थिए । अदालतले यही २६ गते थप सुनुवाईका लागि दुवै पक्षलाई बोलाएको छ ।

यसका साथै, अदालतले चलचित्र विकास बोर्डलाई कारण देखाउ आदेश पनि जारी गरेको छ । पैसा नपाएको भन्दै प्राविधिकदेखि छायांकन भएको ठाउँका स्थानीयहरुले फिल्म सम्बद्ध पाँचवटा संघ-संस्थामा 'प्रसाद २'को सेन्सर रोक्न दिएको उजुरीको विषयमा सोमबार बोर्डले सर्वपक्षीय छलफल गर्दै सेन्सर गर्न दिने सहमति गराएपछि उच्च अदालतले कारण देखाउ आदेश जारी गरेको हो ।

यही चैत १३ गते जिल्ला अदालत ललितपुरले निर्माता सुभाष थापाविरुद्ध पक्राउ पुर्जी जारी गरिसकेको छ । केशव पाण्डेले हालेको बैंकिङ कसूर र ठगीको मुद्दामा अदालतबाट पक्राउ आदेश जारी भएपछि अहिले प्रहरी निर्माता थापाको खोजीमा छ । तर, उनी सम्पर्कविहीन छन् । फिल्मको निर्माण घोषणा हुँदा केशव पाण्डे निर्मातामा थिए । अहिले उनको नाम फिल्मको निर्मातामा छैन ।

'प्रसाद २'को निर्माता बनाउँछु भनेर सुभाष थापाले ६२ लाख ५० हजार पैसा लिएको तर पछि अर्कै निर्माता लिएर फिल्म बनाए पनि आफ्नो पैसा फिर्ता नगरेको केशव पाण्डेको आरोप छ । निर्माता थापाले माघ २९ गते नेपाल इन्भेष्टमेन्ट बैंक, कालिमाटी शाखाको खाताको चारवटा चेक दिएको भए पनि खातामा पर्याप्त रकम नहुँदा चेक नसाटिएपछि उनले बैंकिङ कसूरमा मुद्दा हालेका थिए ।

# सुरक्षा र कमलमणिको जीवनसँग मिल्दोजुल्दो 'बहाव'को कथा

काठमाडौं/नेपाली फिल्ममा कमै मात्र अनुशरण गरिने 'मेथड एक्टिङ'लाई प्रयोग गरिएको फिल्म हो, 'बहाव' । फिल्मको पात्रमा बाँच्न अभिनेत्री सुरक्षा पन्तदेखि कलाकार कमलमणि नेपालसम्मले चितवनस्थित एउटा घरमा करिब एक महिना एउटै परिवारको सदस्य भएर बिताएका थिए । त्यसको प्रभाव यतिसम्म रह्यो कि सुरक्षा र कमलमणि अझै पनि फिल्मको पात्रबाट बाहिर निस्कन सकेका छैनन् ।

मंगलबार राजधानीमा पत्रकारसँग गफिने क्रममा सुरक्षाले भनिन्, 'फिल्ममा निर्वाह गरेको पात्र अझै मबाट मुक्त हुन सकेको छैन । अहिले पनि म फिल्मकै पात्रको पहिरन लगाएर हिँडिरहेको छु । त्यो पात्रबाट निस्कनै सकेकी छैन ।' उनको कुरामा कमलमणिले पनि सहमत जनाए । अहिले पनि आफ्नो लवाई, खुवाई, हिँडाई र बोलाईमा फिल्ममा निभाएकै पात्र देखिने नेपालको अनुभव छ ।

आगामी शुक्रबारबाट प्रदर्शन हुन लागेको फिल्ममा सुरक्षा र कमलमणि छोरी र पिताको भूमिकामा छन् । फिल्मले छोरी र पिताको वैचारिक अन्तरद्वन्द्वलाई प्रस्तुत गरेको छ । फिल्मलाई समाजको कथा भनिए पनि सुरक्षा र कमलमणिको जीवनसँग कथाको अंश धेरथोर मिलेको छ । सुरक्षा फिल्ममा वैचारिक मनोरञ्जन भएपनि यसको कथा केही हिसाबमा आफ्नो जीवनसँग मिल्ने बताउँछिन् ।

'यो फिल्मको हिरो-हिरोइन भनेकै कमलमणि दाई र म हौं । यसका केही कथाहरू मसँग पनि सम्बन्धित छ । किनकी हाम्रो घरमा दुई आमा, एक बुवा र चार जना छोरी छौं । तर पनि एउटा पुरुषले राज गरिरहेको परिवार हो,' सुरक्षा भन्छिन्, 'फिल्मको केही अंश मसँग पनि मिल्दोजुल्दो छ ।' स्क्रिप्ट पढेपछि यो कथा भन्न जरुरी छ भन्ने भएपछि नै काम गर्न तयार भएको सुरक्षा स्मरण गर्छिन् ।

कमलमणिलाई भने स्क्रिप्ट पढ्दा सामान्य लागेको रहेछ । तर, फिल्मको एक दृश्यमा सुरक्षासँग अभिनय गर्ने क्रममा उनी गहभरी भए । उनी सम्झन्छन्, 'हामीले समाजको चरित्र लिँदा त्यसको सारतत्व लिने हो । फिल्ममा मैले बुवाको चरित्र निभाउन आफ्नै बुवा वा काकाबाट सारतत्व लिएको थिएँ । सुरक्षा र मबीच संवाद हुँदा त्यो दृश्यले मलाई यति छोयो कि आफूलाई थाम्न सकिनँ र रोएँ ।'

निर्देशक तथा लेखक प्रमोद कँडेलले फिल्ममा सुरक्षाको भाइको चरित्र निर्वाह गर्ने कलाकारको जीवन आफूले बाँचेको बताए । 'यो कथा लेखिरहँदा भाईको पात्रमा आफूलाई समेटेको छु । मैले जीवनमा जे कुरा भोगें, ती कुरा दर्शकले भाईको चरित्रमा पाउनुहुन्छ', कँडेलले भने । त्यस्तै, फोटोग्राफर समेत रहेका निर्माता श्रीधर पौडेलले आफूलाई कथावस्तु फरक लागेकाले लगानी गरेको बताए ।

स्वर्णिम इन्टरटेनमेन्ट र योङ स्टार सिनेमाको संयुक्त प्रस्तुति रहेको फिल्म 'जिज्ञासा, विचार अनि यथार्थको कथा' थिममा आधारित छ । फिल्ममा अफरान अली, सुर्य शर्मा भट्ट, इश्वरी सिंह, हीरालाल कँडेल र पवन श्रेष्ठको पनि अभिनय छ । सुजन बडालको सम्पादन, वसन्त सापकोटा, सुशान्त गौतम र रिकेश गुरुङको संगीत रहेको फिल्ममा कार्तिकेय स्मिता कर्नाटकको छायाङ्कन छ ।

# 'प्रेमा'ले हलमा घुँडा टेक्यो

काठमाडौं/२०७९ सालले विदा माग्न अब ९ दिन बाँकी छ । कोरोना महामारीले करिब २ वर्ष थला परेको नेपाली फिल्म क्षेत्रका लागि यो वर्ष सुखद नै रह्यो । कोभिडअघिको समयभन्दा यस वर्ष तुलनात्मक रुपमा सफल हुने फिल्म धेरै छन् । तथापि, अवस्था उत्साहजनक भने छैन । किनभने, लगानी उठाउने फिल्मभन्दा पोस्टर छपाईको पैसा समेत नउठाउने फिल्मको संख्या यस वर्ष पनि उच्च छ ।

यस वर्ष केही आशातित फिल्महरुको दयनीय प्रदर्शनले फिल्म क्षेत्रलाई नै स्तब्ध बनायो । अनमोल केसी जस्ता सुपरस्टारको फिल्म हलमा एक हप्ता समेत टिक्न सकेन । यही अवस्था यसै साता प्रदर्शनमा आएको फिल्म 'प्रेमा'को पनि रह्यो । यस वर्षको सुपरहिट फिल्म 'महापुरुष'का अभिनेता अरुण क्षेत्री अभिनीत यो दोस्रो फिल्मले प्रदर्शनको एक हप्ता पनि नपुग्दै हलमा घुँडा टेकेको छ ।

प्रदर्शनको दिनदेखि नै फिल्मले शो 'क्यान्सिल'मा रेकर्ड बनाउन थालेपछि प्राय: मल्टीप्लेक्सहरुले तीन दिनमा नै फिल्मलाई उतारे । समीक्षा र दर्शक प्रतिक्रिया दुवै राम्रो नआउँदा फिल्मले दम तोडेको हो । नाम जस्तो फिल्मले दर्शकलाई प्रेमको संसारमा पुर्‍याउनै सकेको छैन । 'प्रेमा'ले दर्शक तान्न नसक्दाको फाइदा फिल्म 'छक्का पञ्जा ४'लाई मिलेको छ । किनभने, दर्शक बाँडिन पाएनन् ।

'प्रेमा' सफल हुनुपर्ने सबैभन्दा ठूलो दबाब अभिनेत्री शुभेक्षा खड्कालाई थियो । किनकी, डेब्यू फिल्म 'रणवीर' फ्लप हुँदा उनको करिअर सुखद रुपमा अगाडि बढ्न सकेको थिएन । फिल्ममा आफूलाई टिकाइराख्न पनि उनका लागि 'प्रेमा'को सफलता अनिवार्य जस्तै बनेको थियो । तर, दोस्रो फिल्मको नतिजा पहिलो फिल्मको भन्दा खराब आउँदा शुभेक्षाको करिअर नै संकटमा परेको छ ।

# अल्पकालीन अन्तरिम आदेशले रोकियो १२ अर्ब लगानी

काठमाडौं/सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश आएको ६ महिना हुन लाग्दा समेत अर्को इजलास नबस्दा सेयर ब्रोकरको लाइसेन्सको आवेदन दिएका लगानीकर्ताको लगानी रकम फ्रिज भएर बसेको छ । नेपाल धितोपत्र बोर्डले २ असोजमा नेपाल धितोपत्र बोर्डले सेयर ब्रोकरको लाइसेन्सका लागि आवेदन माग गर्दै इच्छुक कम्पनीलाई ३० दिनभित्र आवेदन पेश गर्ने सूचना प्रकाशित गरेको थियो ।

बोर्डले सोही मितिमा एउटा नयाँ धितोपत्र बजार (स्टक एक्सचेन्ज) र २ वटा वस्तु विनिमय (कमोडिटी एक्सचेञ्ज) को लागि समेत आवेदन माग गर्दै ४५ दिनभित्र आवेदन पेश गर्न आह्वान गरेको थियो । बोर्डको उक्त सूचनाअनुसार ४५ वटा कम्पनीले नेप्सेको सिफारिस सहित बोर्डमा आवेदन दिएका थिए ।

तर, स्टक एक्स्चेन्ज र कमोडिटी एक्स्चेन्जको लागि आवेदन दिने अवधि बाँकी छँदै अधिवक्ता दीपकविक्रम मिश्रले ३१ असोजमा सर्वोच्च अदालतमा स्टक एक्सचेन्ज, कमोडिटी एक्सचेन्ज र स्टक ब्रोकरको नयाँ लाइसेन्स वितरण प्रक्रियाविरुद्ध रिट दायर गरेका थिए ।

४ कात्तिकमा सर्वोच्च अदालतले स्टक एक्सचेन्ज, कमोडिटी एक्सचेन्ज र स्टक ब्रोकरको नयाँ लाइसेन्स वितरण प्रक्रियाविरुद्ध परेको रिटमा सुनुवाइ गर्दै उक्त प्रक्रिया यथास्थितिमा राख्न अल्पकालीन अन्तरिम आदेश दिएको थियोरु। न्यायाधीश तिलप्रसाद श्रेष्ठको एकल इजलासले दिएको उक्त आदेशपछि बोर्डले स्टक एक्सचेन्ज, कमोडिटी एक्सचेन्ज र स्टक ब्रोकरको नयाँ लाइसेन्स वितरण प्रक्रिया रोकेको छ ।

सर्वोच्च अदालतले अल्पकालीन अन्तरीम आदेश दिएको साढे ५ महिना भन्दा बढी हुँदा समेत पेशी तोकिए पनि उक्त रिटमाथि सुरुवाइ भएको छैन । अल्पकालीन अन्तरिम आदेश दिएको उक्त रिटको फैसला नआउँदा नयाँ ब्रोकर लाइसेन्सको लागि लगानी गरेको ४५ कम्पनीको करिब १२ अर्ब रुपैयाँ होल्ड भएर बसेको हो ।

४५ कम्पनीले ११ अर्ब ९२ करोड ८० लाख रुपैयाँ चुक्ता पूँजीसहित नेप्सेको सिफारिस लिएर बोर्डमा आवेदन दिएका हुन् । सर्वोच्च अदालतको अल्पकालीन आदेश आएर रोकिएको लाइसेन्स प्रक्रिया मुदा टुंगो नलाग्दा लगानी यस्तै फसेर बसेको प्रस्तावित हिमालयन ब्रोकरेज कम्पनीका एक लगानीकर्ताले बताए ।

'अल्कालीन अन्तिरिम आदेश दिएको साढे ५ महिनाभन्दा बढी भयो । तर, अदालतले फैसला नगर्दा अर्बौं लगानी बैंकमा राखेर बस्नुपरेको छ,' उनले भने, 'अदालतको फैसला आउने हो भने लाइसेन्स पाए व्यवसाय अगाडि बढ्ने थियो, नपाउने अवस्थामा पनि लगानी होल्ड हुने थिएन ।' अधिवक्ता मिश्रले दायर गरेको रिटविरुद्ध सर्वोच्च अदालतमै हिमालयन ब्रोकरेज कम्पनीले अर्को रिट दायर गरेको छ । उक्त रिट निवेदन माथि आगामी २३ चैतमा पेशी तोकिएको छ ।

बोर्डले २ असोजमा एउटा स्टक एक्सचेन्ज, दुई वटा कमोडिटी एक्सचेन्ज तथा सेयर ब्रोकरको लाइसेन्स लाइसेन्स वितरणका लागि सूचना निकालेको थियो । ब्रोकरका लागि आवेदन दिने ३० दिनको म्याद गत असोज ३१ मा सकिएको थियोरु। ३१ असोजसम्म ४५ कम्पनीले नेप्सेको सिफारिस लिएर बोर्डका आवेदन दिएका छन् ।

# प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृत प्रदेशस्तरबाट खटाउने प्रस्ताव

काठमाडौं/संघीय सरकारले संघीय निजामती सेवा विधेयक, २०७९ को मस्यौदालाई अन्तिम रुप दिएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अर्थ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा सहमतिका लागि पठाएको ऐनको मस्यौदामा प्रदेश सचिव प्रदेश निजामती सेवाकै र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत प्रदेशस्तरीय स्थानीय तहका कर्मचारी हुने उल्लेख छ ।

मन्त्रालय स्रोतबाट प्राप्त विधेयकको मस्यौदामा भनिएको छ, 'प्रदेश मन्त्रालयको सचिवको पद प्रदेश निजामती सेवाको पद हुनेछ र प्रदेश सचिवको रुपमा राजपत्रांकित विशिष्ट श्रेणीको अधिकृत तेह्रौं तह वा सो सरहको पद रहनेछ ।'

तर प्रदेश निजामती सेवाबाट प्रमुख सचिव तहका कर्मचारी पदपूर्ति नभएसम्म यो पदमा संघीय सरकारले नै संघीय निजामती सेवाको विशिष्ट श्रेणी तेह्रौं तहका कर्मचारीलाई मुख्यमन्त्री कार्यालयमा खटाउनेछ ।

त्यस्तै स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत पनि प्रदेश कानुन अनुसार स्थानीय सेवाको कर्मचारी पदपूर्ति नहुँदासम्म संघीय निजामती सेवाकै कर्मचारी खटिनेछन् । तर खटाउने काम भने प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले गर्नेछ ।

'कुनै स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पदमा खटाउने प्रयोजनका लागि प्रचलित कानुन बमोजिम सम्बन्धित तहको कर्मचारीबाट पूर्ति नभएसम्मका लागि नेपाल सरकारले संघीय निजामती सेवाको कर्मचारीलाई प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रि परिषदको कार्यालयमा खटाउनेछ ।'

तर संघीय सरकारले प्रशासकीय अधिकृत नखटाएमा प्रदेश सरकारले त्यही तहको कर्मचारी खटाउन पाउनेछ । प्रमुख प्रशासकीय अधिकृत खटाउँदा स्थानीय तहमा कार्यरत भन्दा कनिष्ठ कर्मचारी भने संघीय सरकार र प्रदेश सरकारले खटाउन पाउने छैनन् ।

सरकारले यो विधेयकलाई प्रतिनिधिसभाको चालु अधिवेशनबाटै पारित गर्ने बताउँदै आएको छ ।

(अनलाइनखबरबाट)

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाई हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# हेटौंडा कपडा उद्योग सञ्चालन गर्न नेकपा बहुमतको माग

साझाकुरा संवाददाता

हेटौंडा, २१ चैत/ नेकपा बहुमत मकवानपुरले हेटौंडा कपडा उद्योग पुन: संचालनमा ल्याउन माग गर्दै प्रदर्शन गरेको छ । अढाई दशकदेखि बन्द रहेको हेटौंडा कपडा उद्योग सञ्चालनमा ल्याउन माग गर्दै प्रदर्शन गरिएको हो । मंगलबार दिउँसो पार्टीको 'आत्मनिर्भर अर्थव्यवस्थाको जग खडा गरौं, राष्ट्रिय उद्योगको संरक्षण, विकास र विस्तार गरौं' भन्ने राष्ट्रिय उद्योग संरक्षण अभियान अन्तर्गत हेटौंडास्थित कपडा उद्योगमा प्रदर्शन गर्दै उद्योग सञ्चालन र संरक्षण गर्न माग गरेको बताइएको छ ।




हेटौंडाको कपडा उद्योग तत्कालीन अवस्थामा अत्याधुनिक प्रबिधिको थियो । एउटै छानामुनी एकहजार जनाले रोजगारी पाएका थिए । एउटै उद्योगमा एकातिरबाट कपास हालेपछि अर्कोतिरबाट तयारी कपडा निस्कन्थ्यो । धागो बन्नेदेखि लिएर कपडा बनेर त्यसलाई कलर फूल बनाएर निकाल्ने एकमात्र उद्योग थियो हेटौंडा कपडा उद्योग । हेटौंडा कपडा उद्योगको उत्पादन गुणस्तरीय भएका कारण विद्यार्थीको विद्यालय पोशाकदेखि मजदुर, किसान, कर्मचारी, ब्यापारी सबैले मनपराएका थिए । २०५६ मा कपडा उद्योग 'सटडाउन' गराउने कार्यको जिम्मेवारी राजनीतिक दल र तिनका मजदुर संगठनले लिने कि नलिने ?

स्वदेशी कच्चापदार्थको प्रयोगबाट संचालन हुने अति उपयोगी स्वादेशी कपडा उद्योग धरासायी बनाइयो । उद्योगलाई सवलिकरण गर्दै लजाने भन्दा पनि भ्रष्ट्राचारको अखाडा बनाउने काम गरियो । २०५४/५५ तिर हेटौंडा बजारमा १५ रुपैयाँमा पाईने कुचो (झाडु) खरिद गर्दा उद्योगमा ७५ रुपैयाँको बिल पुग्ने गरेको थियो । यो त सामान्य उदाहरण मात्र हो । हिसाव नमिलेपछि हरेक बर्ष कपडा उद्योगको कपास गोदाममा नाटकीय आगलागी हुने गरेको थियो । यसको जिम्मेवारी कस्ले लिने ?

हेटौंडाको कर्रा पुलबाट र्‍यालीसहित उद्योग परिसर पुगेर कोणसभामा परिणत भएको कार्याक्रमलाई बहुमत पार्टीका जिल्ला इन्चार्ज धुब खड्काले सम्बोधन गरेका थिए । उनले सरकारले कमिसनको खेलमा निजी उद्योग सञ्चालनलाई प्रोत्साहन गरेर राष्ट्रिय उद्योगलाई धरासायी बनाएको बताए । हुन त नेकपा बहुमतको यो एजेण्डा सही हो । तर, बिद्यमान अवस्थामा हेटौंडा कपडा उद्योग संचालनमा ल्याउन सक्ने सम्भावना नरहेको बिज्ञहरुले बताउँदै आएका छन् । यो एजेण्डा अब थोत्रो भयो ।

सरकारले राष्ट्रिय उद्योगलाई संरक्षण नगर्दा अर्थतन्त्र धरासायी बन्दै गएको र राष्ट्र परजीवि अर्थतन्त्रतर्फ धकलिएको आरोप पार्टीले लगाएको छ । जुनसुकै दलले सरकारलाई आरोप लगाउने भन्दा बाहेक केही परिबर्तन आएको छैन । भोलिका दिनमा सरकारले कपडा उद्योग संचालनमा ल्याएको खण्डमा तिनै राजनीतिक दलहरुले उद्योगमा आन्दोलनको ज्वारभाटा ननिकाल्ने ग्यारेन्टी कस्ले दिन्छ ?

बन्द अवस्थामा रहेको हेटौंडा कपडा उद्योगलाई सरकारले पुन: सञ्चालनमा ल्याएर स्वदेशमै रोजगारी सृजना गर्न पार्टीले सरकारको ध्यानाकर्षण गराएको छ । पछिल्लो ८ महिनामा ५ लाख युवा रोजगारीको खोजीमा खाडी मुलुकमा छिरिसकेका छन् । तीनै युवाले पठाएको रेमिट्यान्सबाट हाम्रो समाजले दैनिक उपभोग्य बस्तु र सेवा खरिद गरिरहेको छ । हेटौंडा कपडा उद्योग संचालन गर्ने नाममा तत्कालीन सरकारका प्रधानमन्त्री डा.बाबुराम भट्टराईले ८ करोड रुपैयाँ बिनियोजन गरेका थिए ।

भट्टराई सरकारले हेटौंडा कपडा उद्योग संचालन गर्ने अधिकतम प्रयास गरेको थियो । तर, बिज्ञहरुले यो सम्भव नहुने तर्क दिएका थिए । त्यसपछिका हरेक सरकाले हेटौंडा कपडा उद्योग संचालन गर्ने भन्दै जनताको आँखामा छारो हाल्ने काम गरिरहे । यतिबेला कपडा उत्पादन गर्ने प्रबिधिमा धेरै परिबर्तन आइसकेको छ । हेटौंडा कपडा उद्योगको खिया लागेर जीर्ण भएको मेशिनबाट अब कपडा उत्पादन गर्न सम्भव नरहेको बिज्ञहरुले बताएका छन् । फेरि पनि त्यही थोत्रो एजेण्डामा आन्दोलन गर्दा त्यसको उपलब्धी के होला ?

# वन महासंघ थाहाको अध्यक्षमा श्रेष्ठ




साझाकुरा संवाददाता

हेटौंडा, २१ चैत/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगर पालिकाभित्र रहेका सामुदायिक वन समूहको साझा संस्था स्थानीय सामुदायिक वन उपभोक्ता महासंघको अध्यक्षमा गणेशमान श्रेष्ठ चयन भएका छन् ।

थाहा नगरपालिकामा भएको स्थानीय महासंघको दोश्रो नगर अधिवेशनले श्रेष्ठलाई नगरअध्यक्षमा निर्विरोध निर्वाचित गरेको हो । महासंघ थाहानगरको उपाध्यक्षमा मन्जु केसी, सचिवमा भवानी प्रधान र कोषाध्यक्षमा सविता सुवेदी चयन भएको जनाइएको छ ।

स्थानीय उपभोक्ता महासंघ थाहानगरको ५४ सदस्यीय कार्यसमिति पुनर्गठन भएको हो । आगामी बैठकबाट १३ जनाको सचिवालय गठन गरिने नवनिर्वाचित अध्यक्ष श्रेष्ठले बताएका छन् । स्थानीय सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्ष शिवराम थापाको सभाध्यक्षतामा भएको अधिवेशनमा बागमती प्रदेशसभा सदस्य तथा सामुदायिक वन उपभोक्ता महासंघकी केन्द्रीय अध्यक्ष भारती पाठकको प्रमुख आतिग्यता रहेको थियो ।


अधिवेशनलाई सम्बोधन गर्दै पाठकले सामुदायिक वनको अधिकारमाथि आघात पर्नेगरी सरकारले लगाएको तेहेरो कर खारेज गर्न आग्रह गरेकी छन् । सामुदायिक वनमाथि संघ सरकारले १०, स्थानीय तहले १० र प्रदेश सरकारले २५ प्रतिशत वनपैदावार शुल्क लगाएको र तीन तहकै सरकारले लगाएका कर हटाउन पाठकले आग्रह गरेकी हुन् ।

संघीय वन ऐन तत्काल संशोधन गरी सामुदायिक वन उपभोक्ता समूहको अधिकार सुनिश्चित गर्न महासंघले सरकार सँग आग्रह गरेको हो । सामुदायिक वन उपभोक्ता महासंघकी अध्यक्ष तथा बागमती प्रदेशका सांसदसमेत रहेकी पाठकले संघीय वन नियमावली र प्रदेश वन ऐन संशोधन गरी वन संरक्षणकर्मीको अधिकार सुनिश्चित गर्न माग गरिन् ।

उनले तीन तहको करले गर्दा आम्दानी नहुने सामुदायिक वन मारमा परेको भन्दै घरमा पालेको बस्तुलाइ घाँस काट्न कर तिर्नुपर्ने बाध्यताको अन्त हुनुपर्नेमा जोड दिइन् । थाहा नगरपालिकाको उपप्रमुख भरत गोपालीले आगामी योजनामा वन तथा वातावरणमैत्री योजना ल्याउने प्रतिवद्धता ब्यक्त गरे । सामुदायिक वनको संरक्षण गर्नुपर्ने भन्दै थाहा नगरपालिका वन तथा वातारणको विषयमा सकारात्मक भएको उनले बताए ।

नगरपालिकाले स्थानीय वन ऐनसमेत पास गरिसकेको अवस्थामा सामुदायिक वनको संरक्षणमा स्थानीय सरकार सकरात्मक रहेको उनको भनाई छ । अधिवेशनमा थाहा-३ का वडाध्यक्ष हिरेन्द्र रायमाझी, वडा नम्बर ५ का वडाध्यक्ष बिष्णुबहादुर गुरुङ, सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईंलगायतको आतिथ्यता थियो ।

# बागमतीमा बढ्दै कोरोना संक्रमण



साझाकुरा संवाददाता

हेटौंडा, २१ चैत/ बागमती प्रदेशमा पछिल्लो समय कोरोना संक्रमण दर बढ्दो क्रममा रहेको छ । कोरोना संक्रिमितको संख्यालाई आधार मान्दा पनि यस प्रदेशका सहरी क्षेत्रमा कोरोना संक्रमण दर बढेको हो ।

बागमती प्रदेशका विभिन्न जिल्लामा एकैदिन ६३ जनामा कोरोना संक्रमण भएको छ । ३ सय ६६ जनाको कोरोना परीक्षण गरिएकोमा ६३ जनामा कोरोना संक्रमण भएको बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयका डाक्टर रविन भुसालले जानकारी दिए । देशैभरमा ७६ जनामा कोरोना संक्रमण हुँदा यस प्रदेशमा मात्र धेरैको संख्यामा संक्रमण भएको हो । कोरोना संक्रमणबाट बच्नका लागि र सावधानीका उपायहरु अपनाउनका लागि स्वाथ्यकर्मीले आग्रह गरेका छन् । विगतमा पनि देशका ७ प्रदेशमध्ये बागमतीमा धेरै संक्रमित रहेका थिए ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइरस सङ्क्रमणको लक्षण देखिना साथ आइसोलेसनमा बस्न अनुरोध गरेको छ । मन्त्रालयले सूचना जारी गर्दै कोरोना भाइरस सङ्क्रमण देखिनासाथ परीक्षण गराई आइसोलेसनमा बस्न सबैमा अनुरोध गरेको हो । 'पानीमा भिजेको, हिजो चिसो खाएको र आज धुलोमा गएको भनेर बाहना नगरौँ' मन्त्रालयले जारी गरेको सूचनामा भनेको छ-'कोभिड-१९ का लक्षण देखिनेबित्तिकै परीक्षण गराऔँ र आइसोलेसनमा बसौँ ।', मन्त्रालयले हरेक रुघा, हरेक खोकी र हरेक ज्वरो अन्य प्रमाणित नभएसम्म कोभिड-१९ हुनेसक्ने भएकाले सतर्कता अपनाउन आग्रह गरेको छ ।

नेपालमा पहिलोपटक कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन एक्सबीबी १.१६ देखा परेको छ । अहिले छिमेकी मुलुक भारतमा पनि सोही नयाँ भेरियन्टका कारणले सङ्क्रमण बढिरहेको छ । मन्त्रालयले सङ्क्रमण बढिरहेकाले रोकथाम र नियन्त्रणका लागि सबैतह र तत्काबाट प्रभावकारी भूमिका निभाउनसमेत आग्रह गरेको हो । कोभिड-१९ महामारी अझैपनि पूर्णरुपमा नियन्त्रणमा आइनसकेकाले जनस्वास्थ्यका मापदण्ड अपनाउन र खोप लगाउन सबैलाई आग्रह गरेको छ । शून्यमा झरेको कोरोना भाइरसको सङ्क्रमण अहिले बढिरहेको छ ।

# थाहामा खैंजडी भजनको महिला समूह तयार

साझाकुरा संवाददाता

हेटौंडा, २१ चैत/परम्परागत खैजडी भजन पुरुषको समूहले मात्रै गाएको सुनिको र देखिँदै आएको हो । मकवानपुरमा थोरै मात्रै खैजडी भजनको समूह छ ।

मनहरी, थाहा नगरपालिका, मकवानपुरगढी, बकैया गाउँपालिकामा खैजेडी भजनको समूह रहेका छन् । तर, पछिल्लो समय खैजडी भजनको प्रयोग घट्नुका साथै खैंजडी भजन गाउनेहरु पनि घट्दै गएका छन् । आधुनिक प्रविधिको विकास र पुस्तान्तरणले खैंजडी भजनको प्रयोग क्रमश: घट्दै गइरहेको पाइन्छ । खैजडी भजनमा पुरुषको नेतृत्वमा मात्रै सीमित थियो । तर, थाहा नगर पालिकामा भने महिलालाई पनि खैंजडी भजन सिकाइएको छ । खैंजडी भजनको संरक्षणका लागि महिलालाई तालिम दिएर सिकाइएको हो । थाहा खैजडी भजन समूहले नगरपालिकाको ४ नम्बर वडास्थित किटेनीका महिलालाई खैंजडी भजनको तालिम दिएको हो ।



गत फागुन २ गतेदेखि निरन्तर दिइरहेको खैंजडी भजन तथा बाद्यबाधन प्रशिक्षणको चैत २० गते समापन गरिएको छ । लोप हुँदै गइरहेको धार्मिक कार्यमा गाइरहने खैंजडी भजनलाई नयाँ पुस्ताका युवाले चासो दिन छाडेपछि खैंजेडी भजन समूहले महिलालाइ खैंजडी बजाउन र भजन लय हालेर गाउन सिकाएको हो । थाहा खैंजडी भजन समूहका सुकदेव रायमाझी, भीमसेन खत्री, कृष्णबहादुर अधिकारी, चन्द्रबहादुर कार्की, मधु केसी, बासुदेव खत्री र अक्कलबहादुर केसीको समूहले किटेनीका २५ जना महिलालाई खैंजडी भजनको प्रशिक्षण दिएको हो ।

थाहा खैंजडी भजन महिला समूह नाम दिइएको छ । समूहमा २५ जना महिलाले खैंजडी भजनको प्रशिक्षण लिएका हुन् । किटेनीको घलेडाँडामा अवस्थित किरातेश्वर महादेव मन्दिरको पाटीमा महिला निरन्तर अभ्यासमा जुट्दै आएका थिए । थाहा खैंजडी भजन समूहका अध्यक्ष भीमसेन खत्रीको सभाध्यक्षतामा भएको प्रशिक्षण समापन कार्यक्रममा थाहा नगर पालिका उपरमुख भरत गोपालीले महिलाको धर्मसंस्कृति जगेर्नाको यस कार्यले थाहानगरले नयाँ पहिचान पाएको बताए । उपप्रमुख गोपालीले थाहा नगरपालिका भन्ने बित्तिकै ऋषेश्वर महादेव, गोरखनाथ, चित्लाङ, दामन भनेर चिनिरहेकोमा अब अर्को चिनारी महिला खैंजडी भजन नयाँ चिनारी बनेर थपिएको बताए । उनले धर्मसंस्कृति संरक्षणमा थाहा नगर सदैव हातेमालो गरेर अगाडि बढ्ने र नगर पालिकाबाट र आफ्नो व्यक्तिगत तर्फबाट सक्दो सहयोग गरिरहने बताए ।

तालिम समापन समारोहमा थाहा-४ का वडाअध्यक्ष नारायण लामा, वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्र रायमाझी, थाहा नगरपालिका सामाजिक विकास शाखाप्रमुख अनिल लामिछाने, उद्योग वाणिज्य संघ थाहानगरका महासचिव सुरेन्द्रमान प्रधान, नेपाली कांग्रेस नगर उपसभापति नवराज कार्की, नेकपा माओवादी केन्द्रका नगरअध्यक्ष विनोदकुमार लामा, नेकपा एमाले ४ नम्बर वडाकमिटी अध्यक्ष रामराजा केसी, किरातेश्वर ज्येष्ठ नागरिक मिलन केन्द्रका नीरन्जन अधिकारीलगायतको उपस्थिति रहेको थियो । महिला खैंजेडी भजन समूहलाई दामन बालुवा प्रशोधन केन्द्र किटेनीले २२ थान साडी, रघुराम केसीले गुन्युचोली, नेपाली कांग्रेस ४ नम्बर वडा कमिटीले खैंजडी राख्ने झोला र थाहानगर ४ नम्बर वडा कार्यालयले प्रमाणपत्र तथा ब्यानर सहयोग गरेको छ ।

# हेटौंडाका आशुतोष सालकको खपटासहित पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २१ चैत/ प्रतिबन्धित सालकको खपटासहित हेटौंडा उपमहानगरपालिका घर भएका एक युवकलाई भक्तपुर प्रहरीले पक्राउ गरेको छ । सालक साईटिसको सूचीमा रहेको लोपोन्मुख स्तनधारी जनावर हो ।

मकवानपुर हेटौंडा उपमहानगरपालिका-३ घरभई हाल भक्तपुर चाँगुनारायण-२ बस्ने २२ वर्षीय आशुतोष थपलिया र सिन्धुपाल्चोकको त्रिपुरासुन्दरी गाउँपालिका-२ घरभई हाल भक्तपुर चाँगुनारायण नै बस्ने २६ वर्षीय अमृत गजमेरलाई प्रहरीले पक्राउ गरेको हो । जिल्ला प्रहरी सरिसर भक्तपुरबाट खटिएको टोलीले उनीहरुलाई पक्राउ गरेको हो । उनीहरुको साथबाट प्रहरीले ९ सय ९८ ग्राम बराबरको सालकको खपटा बरामद गरेको जानकारी दिइएको छ । पक्राउ परेका उनीहरुलाई थप अनुसन्धानका लागि डिभिजन वन कार्यालय भक्तपुरमा पठाइएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

पसल बिक्रीमा
हेटौंडाको स्कूलरोडमा चालु अवस्थामा रहेको श्री गणेश इलेक्ट्रोनिक्स पसल विशेष कारणबास विक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क नं. ९८०१३३२१२२

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"
आधुनिक सुन चाँदी पसल
हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।
प्रो. राजु सेन्चुरी
सम्पर्क नं. :
९८४५५३९५६३, ९८१५२२४३४३

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्
कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।
मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना